
# रूपन्देहीमा ११ जनाको मृत्यु, ३ सय ७७ जना नयाँ संक्रमित



**शशि पन्थी**
भैरहवा, ३ जेठ।

कोरोना संक्रमणका कारण पछिल्लो २४ घण्टामा १ जना छुटेको समेत गरि ११ जनाको मृत्यु भएको छ। पछिल्लो २४ घण्टामा ३ सय ७७ जना नयाँ कोरोना संक्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीले जनाएको छ।

रूपन्देही जिल्लामा सबैभन्दा धेरै बुटवल उप-महानगरपालिकामा ८३ जना महिला, ८१ जना पुरुष संक्रमित भएका छन्। सिद्धार्थनगर नगरपालिकामा ८ जना महिला र २० जना पुरुष नयाँ सक्रमित थपिएको जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीको तथ्याङ्क रहेको छ।

त्यसैगरि तिलोत्तमा नगरपालिकामा ३६ जना महिला, ४० जना पुरुष, सियारी गाउँपालिकामा ४ महिला, ७ पुरुष थपिएका छन् भने देवदह नगरपालिकामा १९ महिला १२ पुरुष, गैंडहवा गाउँपालिकामा १ जना महिला, १ जना पुरुष मायादेवी गाउँपालिकामा १ जना महिला र ३ जना पुरुष, मर्चवारी गाउँपालिकामा १ जना पुरुष संक्रमित भएका छन्।

सैनामैना नगरपालिकामा १५ महिला १८ जना पुरुष संक्रमित थपिएका छन्। ओमसतिया गाउँपालिकामा ५ महिला र ७ पुरुष सक्रमित थपिएका छन् भने, कञ्चन गाउँपालिकामा १ महिला, २ पुरुष संक्रमित भएका छन्। रोहिणी गाउँपालिकामा १ जना पुरुष, लुम्बिनी साँस्कृतिक नगरपालिकामा १ जना महिला २ जना पुरुष, सुद्धोधन गाउँपालिकामा ४ जना महिला र ५ पुरुष, सम्मरीमाई गाउँपालिकामा १ जना महिला संक्रमित भएको जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीको तथ्याङ्कमा उल्लेख गरिएको छ।

हाल सम्म रूपन्देही जिल्लामा १६ हजार २ सय ६५ जना निको भई घर फर्केका छन् भने कुल मृत्यु हुनेको संख्या ३ सय ६२ पुगेको छ भने सक्रीय संक्रमितको संख्या ६ हजार ६ सय २८ पुगेको जिल्ला स्वास्थ्य कार्यालय रूपन्देहीको तथ्यांकमा रहेको छ।

# वीर अस्पताललाई नेपाली युवा मञ्चको सहयोग



बुटवल, ३ जेठ- नेपालीयुवाउद्यमीमञ्च (एन.वाइ.इ.एफ.) ले कोभिडको उपचारका लागि विर हस्पताललाइ सहयोग गरेको छ। राष्ट्र पहिले र केही बनाऔं भन्ने एन.वाइ.इ.एफ्.को मूल दुई मूल्यमान्यताका अनुसार हस्पातलालई सहयोग गरेको हो। एन.वाइ.इ.एफ्. सदस्यहरूको संयुक्तपहलमा विर अस्पतालको ट्रमा सेन्टर र टिचिङ अस्पताललाइ ४७ लिटर क्षमताको ४० वटा अक्सिजन सिलिण्डर उपलब्ध गराएको हो। एन.वाइ.इ.एफ्. राष्ट्रिय परिषद, काठमाडौं च्याप्टर र काठमाण्डौं एडभाइजरी लिडरसिप ग्रुपको पहलबाट उक्त सहयोग गरिएको हो।

# पाल्पामा निषेधाज्ञा थप

पाल्पा, ३ जेठ- पाल्पामा निषेधाज्ञाको समय थप गरिएको छ। पाल्पामा जेठ १५ गते राती १२ बजे सम्मको लागि निषेधाज्ञाको समय थपिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। यसअघिको निर्णय अनुसार जेठ ४ गतेसम्मका लागि निषेधाज्ञा कायम रहेको थियो।

सोमबार बसेको जिल्ला स्तरीय डिसिसिएमसीको बैठकले उक्त निर्णय गरेको हो। पाल्पामा कोरोना संक्रमण समुदाय स्तरमा फैलदै गएपछि थप कोरोना फैलिन नदिनका लागि निषेधाज्ञाको समयावधि थप गरिएको प्रमुख जिल्ला अधिकारी योगेन्द्रप्रसाद पाण्डेले जानकारी दिए।

+ हेल्थ टिप्स

# के हो अक्सिमिटर र यसले के काम गर्छ ?

काठमाडौं, ३ जेठ। यतिबेला कोरोनाको महामारी छ। अहिलेको समयमा स्वास्थ्य क्षेत्रमा मास्क, सेनिटाइजर, भेन्टिलेटर, आइसियु/एनआईसियु/एचडियु/आइसोलेसन, अक्सिजन, जस्तै गरेर चर्चित अर्को नाम हो 'अक्सिमिटर'। जुनबेला हामीले आफ्नो शरीरमा अक्सिजनको मात्रा घटेको महसुस गर्छौं, त्यो बेलासम्म हामीमा जोखिमको मात्रा बढ्दै गएको हुन्छ। त्यसैले त्यही अक्सिजनको मात्रा शरीरमा कम भएको महसुस गर्नुभन्दा पहिले नै त्यसको मात्रा पत्ता लगाउने प्रविधि हो, अक्सिमिटर।

अक्सिमिटरले लक्षण नदेखिएका बिरामीको रगतमा रहेको अक्सिजनको मात्रा परीक्षण गर्ने काम गर्छ। यही अक्सिमिटरबाट अक्सिजनको मात्रा परीक्षण गर्ने विधिलाई अक्सिमेटरी विधि भनिन्छ।स्वास्थ्य विज्ञहरू कोरोनाको सम्भावना देखेर क्वारेन्टिनमा बसेका र आइसोलेसनमा बसेकाले समेत सम्भव भएसम्म अक्सिमिटरको प्रयोग गर्नु उपयुक्त हुने बताउँछन्।

अहिले कोरोना भाइरसको महामारी बढिरहेको बेलामा अक्सिजनको अभावले धेरैले ज्यान गुमाउनु पर्ने जोखिम बढिरहेको बेला शुरुमा नै अक्सिजनको मात्रा कम हुन नदिन समय-समयमा यसको परीक्षण गरिरहनु उचित हुन्छ।

अक्सिमिटरको प्रयोग गरेर गरिने परीक्षणले मुटु र फोक्सोको कार्यलाई कुनै असर परेनपरेको र रगतमा हुने अक्सिजनको अभाव कुन अवस्थामा छ ? भन्ने कुरा जानकारी पाउन सकिन्छ।

यो एक किसिमको फोटो इलेक्ट्रिक उपकरण




हो। यो आफैंमा पुनः प्रयोगयोग्य हुन्छ। जसलाई औंलामा राखेर रगतमा रहेको अक्सिजनको मात्रा परीक्षण गर्न सकिन्छ। यसले मुटुको धड्कनको मात्रा समेत परीक्षण गर्छ।

### अक्सिमिटरका फाइदा

बजारमा थरीथरीका पल्स अक्सिमिटर पाइन्छ। यसका आफ्नै छुट्टै विशेषता हुन्छन्। तर यसको फाइदा भने समान खालको हुन्छ। सबैभन्दा मुख्य फाइदा भनेको त फोक्सोमा निमोनियाको मात्रा आकाशिनुपूर्व नै यो प्रविधिको प्रयोगले हामीलाई सचेत गराउन मद्दत गर्छ। विशेषगरी पल्स अक्सिमिटरले शरीरको स्वास्थ्य परीक्षणमा निम्न फाइदा गर्छ।

१) समयको साथमा अक्सिजनको मात्राबारे निरीक्षण गर्न।
२) विशेषगरी नवजात शिशुहरूमा अक्सिजनको कमीका कारण खतरनाक स्थितिबारे सूचना दिन।
३) दीर्घकालीन श्वासप्रश्वास वा हृदयसम्बन्धी समस्या भएका मानिसहरूको मानसिक स्थितिको विश्लेषण गर्न।
४) पूरक अक्सिजनको लागि आवश्यकता मूल्यांकन गर्न।

### के हो अक्सिजनको लेभल ?

रगतमा अक्सिजनको मात्रालाई पर्सेन्टेजको आधारमा नाप्ने गरिन्छ। शरीरमा रातो रक्त समूहको आधारमा शरीरमा अक्सिजन स्याचुरेसनलाई पर्सेन्टेजमा बताउने गरिन्छ। उदाहरणको लागि यदि कुनै पनि व्यक्तिको अक्सिजन लेभल ९६ प्रतिशत देखाएको छ भने रगतमा अक्सिजनको मात्रा केवल ४ प्रतिशतको कमी छ।

### कति हुन्छ स्वस्थ व्यक्तिमा अक्सिजनको लेभल ?

जानकारहरूका अनुसार एक स्वस्थ व्यक्तिमा अक्सिजनको साधारण तह ९५ देखि लिएर १०० को बीचमा हुने गर्छ। ९५ प्रतिशतभन्दा कम अक्सिजनले संकेत गर्छ कि व्यक्तिमा कुनै न कुनै समस्या छ। यदि अक्सिजन लेभल ९२ वा ९० सम्म झर्‍यो भने तुरुन्त चिकित्सकसँग सम्पर्क गर्नुपर्छ।

### कसरी गर्ने अक्सिजनको लेभल परीक्षण ?

अक्सिजनको लेभल परीक्षणको लागि उपयुक्त विधि भनेको अक्सिमिटरको प्रविधि उपयुक्त हुन्छ। यसको बीचमा औंला राख्दा यसभित्र एक किसिमको बत्ती बलेको देखिन्छ। यसले रक्तकोषको रंग र त्यसको हलचललाई 'डिटेक्ट' गर्ने गर्छ। (साभार)

# हिमाल आरोहण प्रभावित, सुरक्षित रहन मौसमविद्को सुझाव

सोलुखुम्बु, ३ जेठ - अरब सागरमा विकसित भएको सामुद्रिक आँधीको प्रभावका कारण सगरमाथासहितको हिमाल आरोहण प्रभावित भएको छ। मौसम अनुकूल नहुँदा बिहीबारदेखि नै सगरमाथा आरोहण प्रभावित भएको पर्यटन विभागका निर्देशक मीरा आचार्यले जानकारी दिए।

मौसम प्रतिकुल हुँदा अहिले आरोहण भएको छैन, आधार शिविरबाट आचार्यले भन्नुभयो, यतिबेला सयौँ आरोही आधार शिविरमा अनुकूल मौसमको पर्खाइमा छन्। यस वर्ष वसन्त यामको सगरमाथा आरोहण गत वैशाख २४ गतेदेखि शुरु भएको थियो। उक्त दिन शेर्पा आरोहीको टोलीले बाटो बनाउने क्रममा शिखर पुगेसँगै व्यावसायिक आरोहण शुरु भएको पर्यटन विभागले जनाएको छ। त्यसपछि वैशाख २८ र २९ गते सयौँ आरोही सगरमाथाको शिखरमा पुगेका थिए। यो समयमा दुई विदेशी आरोहीको मृत्यु भएको छ।

दुई दिनमा करीब १५० भन्दा बढी आरोहीले सगरमाथाको शिखरमा पाइला टेक्न सफल भएको अनुमान गरिए पनि कोरोना सङ्क्रमणका कारण यकिन तथ्याङ्क सङ्कलनमा समस्या भएको नर्देशक आचार्यको भनाइ छ। उहाँका अनुसार आमादब्लम हिमालको आरोहण सकिएको छ भने लोत्से, नुप्त्से लगायतको हिमाल आरोहण हुने क्रम जारी छ। मौसम अनुकूल नहुँदा वैशाख ३० गतेदेखि आरोहण प्रभावित भएको भन्दै उनले सबैलाई सुरक्षित स्थानमा रहन आग्रह गरिएको बताए। मौसम अनुकूल हुने बित्तिकै पुनः शिखरतर्फ जाने क्रम शुरु हुने उनको भनाइ छ।

अरब सागरको आँधीको प्रभाव नेपालमा पनि देखिने भएको हुँदा तत्काल हिमाल आरोहण नगर्न/नगराउन मौसमविद्ले सुझाव दिएका छन्। मौसमविद् मीनकुमार अर्यालका अनुसार हिमाल आरोहणमा गएकाहरू यो समयमा आधार शिविरभन्दा माथि नजाँदा राम्रो हुनेछ। यसको प्रभाव पश्चिमबाट क्रमैसँग पूर्वतर्फ सर्दै गएको हुँदा बिहीबारदेखि यसबारे प्रभाव बढी देखिने हुँदा उच्च सतर्कता अपनाउन आवश्यक रहेको उनको भनाइ छ।

भोलि पर्सिसम्म हिमालको माथिल्लो क्षेत्रमा गएकाहरू आधार शिविरमा झर्ने या सुरक्षित स्थानमा बस्नुपर्ने हुन्छ, मौसमविद् अर्यालले भने, यो समयमा उच्च वेगको हावा, पानी र हिमपात हुने सम्भावना हुन्छ, त्यसैले सतर्कता अपनाउन आवश्यक छ। यस वर्षको वसन्त याममा सगरमाथासहितका हिमाल आरोहणका लागि ८५ समूहका ७४२ आरोहीले अनुमति पाएका छन्।

# कृषिमा यान्त्रिकीकरण हुनु आवश्यक छ : मन्त्री अर्याल

**बुटवल टुडे संवाददाता**
काठमाडौं, ३ जेठ।

कृषि तथा पशुपंक्षी विकास मन्त्री पद्माकुमारी अर्यालले कृषि क्षेत्रको विकासका निम्ति यान्त्रिकीकरण प्रयोग आवश्यक रहेको बताएकी छन्।। एशोसिएशन अफ नेपाली एग्रिकल्चरल जर्नलिस्टस् (अनाज) ले सोमबार आयोजना गरेको 'कृषि यान्त्रिकरण: आवश्यकता, अवसर र चुनौती' विषयक भर्चुअल संवाद कार्यक्रममा बोल्दै मन्त्री अर्यालले कृषिमा यान्त्रिकीकरणलाई आवश्यक वस्तुको रूपमा राख्नुपर्ने बताईन।

कृषि प्रसारणमा २० प्रतिशत र यान्त्रिकीकरणमा २०-२५ प्रतिशत किसानको पहुँच रहेको बताउँदै मन्त्री अर्यालले कृषि प्रधान देशमा यो प्रतिशत निकै कम रहेको बताउनुभयो। उनले परम्परागत खेतीलाई आधुनिकीकरण र कृषि आधुनिकीकरणमा विशेष जोड दिनुपर्ने बताईन। कृषि यान्त्रिकीरकणका लीगि सरकारले नीति बनाई सकेको र त्योअनुसार काम अगाडी बढीसकेको बताउँदै उनले सरकारले डिजिटल नेपालको कल्पना गरेको र त्यो अनुसार काम भइरहेको बताईन।

कृषि मन्त्रालयले माटोको गुणस्तर मापनका लागि विद्युतीय नक्सा सार्वजनिक गरेको बताउँदै उहाँले कृषि क्षेत्रमा यो एउटा क्रान्ति नै भएको बताईन। उनले भनिन्, 'कुन माटोमा के तत्व छ, किसानले आफै जानकारी लिएर खेतीपाती गर्दा उत्पादनमा पक्कै पनि वृद्धि हुनेछ। यो कुरालाई अगामी वजेट तथा नीति तथा कार्यक्रममा पनी समेटेर हामी अगाडी बढ्ने सोच बनाएका छौ।'

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनामा प्राविधिकको व्यवस्था गरिएको भन्दै उहाँले त्यसमा अझै थप गर्दै कृषि ज्ञान केन्द्रसम्म प्राविधकहरू राख्ने तयारी मन्त्रालयले गरिरहेको मन्त्री अर्यालले बताईन। 'कृषिमा यान्त्रिकीकरण गरेर नै हरेक वस्तुमा आत्मनिर्भर हुने लक्ष्य रहेको छ, कृषिमा आधुनिकीकरण र यान्त्रिकीकरण नगरेसम्म आत्मनिर्भर हुन सकिदैनन। यो कुरालाई हामी सबैले मनन् गर्न आवश्यक छ', उनले भनिन्।। 'एक पालिका एक नर्सरी' नारा लिएर उत्पादनमा वृद्धि गर्ने नीति रहेको बताउँदै उनले उच्च स्तरका सिकाइका लागि इजराइली प्रविधि नेपाल ल्याउने सम्झौता समेत भइसकेको जानकारी दिइन।

यान्त्रिकीकरणको क्षेत्रमा अनुसन्धान गर्ने काम नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) ले गरिरहेको बताउँदै उनले सानादेखि ठूला खालका अनुसन्धान नार्कबाट भइरहेको बताइन। कृषिमा यान्त्रिकीकरणका लागि नीजि क्षेत्रको पनि ठूलो भूमिका रहेको बताउँदै



मन्त्री अर्यालले नीजि क्षेत्रले प्रसंसनीय कार्य गरेको र कृषि मन्त्रालयले हातोमालो गरेर काम गर्न चाहेको प्रतिवद्धता जनाइन।

वैदेशिक रोजगारीको शिलशिलामा युवाहरू विदेशिने अवस्था रहेका कारण गाउँमा महिलाहरूले मात्र कृषि पेशा अगाडि बढाउँदै आएको भन्दै उनले सका निम्ती अब महिलामैत्री कृषि औजारको अनुसन्धान गर्न आवश्यक रहेको बताईन। उनले भनिन् 'अहिले गाउँमा पुरुषभन्दा बढी महिलाहरू कृषिमा आवद्ध छन्, उनीहरूलाई उपयुक्त हुने औजारको व्यवस्था गर्न आवश्यक छ। त्यसका निम्ती महिलामैत्री कृषि औजारहरूको अनुसन्धान गरौं।'

त्यस क्रममा वाणिज्य, आपूर्ती तथा उपभोक्ता संरक्षण विभागका महानिर्देशक प्रकाश पौडेलले उत्पादनमा वृद्धि र लागत घटाउनका लागि कृषिमा यान्त्रिकीकरण गर्नुपर्ने बताए। उत्पादनमा वृद्धि गराउनका लागि यान्त्रिकीकरणमा जोड दिनुपर्ने बताउदै उहाँले उत्पादनसँगै त्यसको वजार व्यवस्थापन पनि जोड दिनुपर्ने बताए। यसैगरी नार्कका श्रीमत श्रेष्ठले नेपालमा कृषि प्रविधि र उपकरणको लामो इतिहास नरहेको बताउँदै कृषिबाट युवाहरू पलायन हुन थालेपछि प्रविधि र उपकरणमा ध्यान दिन थालेको बताए।

नेप्लिज सोसाइटी अफ एग्रीकल्चलरका इन्जिनियर देवराज निरौलाले कृषिसँग इन्जिनियरिङ जोडिएन भने त्यसको दिगो विकास गर्न नसकिने बताउदै सरकारले कृषिमा किसान तथा उद्योगीहरूलाई विभिन्न औजार तथा यन्त्रहरू अनुदान तथा सहुलियतमा दिने गरेको भएपनि त्यो कहाँ कसरी प्रयोग भइरहेको छ भन्ने कुराको लेखाजोखा हुनुपर्ने बताए।


## रामग्राम नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश
परासी , नवलपरासी (ब.सु.प)

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

( सूचना प्रकाशित मिति २०७८।२।४)

यस रामग्राम नगरपालिकाको आ. व. २०७७।०७८ को बार्षिक बजेट अनुसार तल उल्लेखित बमोजिमको सामाग्री खरिद तथा निर्माण कार्य गराउनू पर्ने भएकाले मिति २०७७।१२।२४ र २०७७।१२।२७ गतेका दिन www.bolpatra.gov.np/egp मार्फत बोलपत्रको सुचना अनुसार रितपुर्वक पर्न आएका बोलपत्रहरू मध्ये तपसिल बमोजिमको न्यूनतम मुल्याङ्कित फर्महरू सारभूत रूपमा प्रभावग्राहि देखि स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएको हुदा, सार्वजनिक खरिद ऐन २०६३ (पहिलो संसोधन २०७३) को दफा २७ (१) र २७ (२) को प्रयोजनार्थका लागि जानकारी गराइन्छ। साथै सार्वजनिक खरिद ऐन २०६३को दफा४७को प्रयोजनका लागि सम्बन्धित सबै बोलपत्रदाता हरूलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| सि. नं. | ठेक्का नं. | कामको विवरण | निर्माण स्थल | फर्मको नाम तथा स्थान | कबोल रकम भ्याट र पि.एस. बाहेक |
|---|---|---|---|---|---|
| 1. | RAM/EB/ SANG/ 077/078/61 | Purchase of Sanitary Pad | Ramgram Municipality | Jasmine Hygiene Products, Balbhadra Chowk, Dharan Road, Morang | Rs. 6,19,640.00 |
| 2. | RAM/EB/ ]077/078/73 | Construction of Black Top Road | Ramgram 14, Ahirauli | Li Vi Nirman Sewa, Kushma 4, NP | Rs.13,09,250.00 |
| 3. | RAM/EB/ 077/078/74 | Construction of Black Top Road | Ramgram 14, Raksahawa | Paalusthan Nirman Sewa, Sarawal 2, NP | Rs.20,40,600.00 |
| 4. | RAM/EB/ 077/078/75 | Upgrading work of Road( Second Phase) | Ramgram-2, Bank Tole-CCINP Road, NP | Li Vi Nirman Sewa, Kushma 4, NP | Rs. 39,35,872.19 |
| 5 | RAM/EB/ 077/078/76 | Construction Of Black Top Road Work | Ramgram 9, Piparahiya-Madhawaliya Road, NP | Pathak Construction, Ramgram 9, NP | Rs. 12,08,875.00 |
| 6. | RAM/EB/ 077/078/77 | Kunwar Ram Janaki Mandir Nirman | Ramgram 12, Thulo Kunwar | Jay Bagrangwali Nirman Sewa, Ramgram 12, NP | Rs. 17,22,362.58 |

प्रमुख प्रशासकीय अधिकृत



## Invitation for Bids

**Musikot Municipality**
**Office of the Municipal Executive**
**Wamitaksar, Gulmi, Lumbini Province, Nepal**
*Invitation for Bids for the* **"Krisi Machinery tatha Tunnel Plastic Kharid"**
Contract Identification No: _MM-NCB-GOODS-02 -2077-78_
Date of publication: 2078/02/04

1. ***The Musikot Municipality*** invites sealed bids from Nepalese eligible bidders for the Supply of ***Agricultural Machinery, Polytunnel Plastic, etc.*** under National Competitive Bidding procedures. The estimated amount for the works (Including VAT) is Rs.***26,08,248.00***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Musikot Municipality , Wamitaksar, Office number:- 079412145***
3. A complete set of Bidding Documents may be purchased from the office of ***Musikot Municipality, Wamitaksar , Gulmi*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***Rs.3000*** till ***2078/03/02***during office hours.
Name of the Bank : Global Ime Bank Ltd
Name of Office : Office of Musikot Municipality
Office Code no. : 365005212
Office Account no.: 7204010000004.
Rajaswa (revenue) Shirshak no. : 14227
Bid Document Fee : NRs. 3000/-
4. Pre-bid meeting shall be held on 2078/03/02 at Office Of Musikot Municipality Gulmi
5. Sealed bids must be submitted to the office Musikot Municipality till ***2078/03/03, 12.00PM.*** Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders or Bidder's representatives who choose to attend at ***2078/03/03 1.00 pm*** at the office of ***Musikot Municipality.*** Bids must be valid for a period of ***90days*** after bid opening and must be accompanied by a bid security amounting to a minimum of Rs. **55,000,**which shall be valid for 30 days beyond the validity period of the bid .
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.